# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, माघ १६ गते २०२६ साल [ अतिरिक्ताङ्क ४८

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२६ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

329

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## नगर निर्माण योजना कार्यान्वयन गर्न बनेको अध्यादेश

प्रस्तावना:– विकासको मूल फुटाउने सम्बन्धमा कुनै क्षेत्रीय विकास केन्द्रको कुनै भागमा विकास क्रमलाई अघि बढाउन तथा सर्वसाधारण जनताको आर्थिक हित, स्वास्थ्य एवं सुविधा कायम राख्न योजनाबद्धरूपमा नगरको निर्माण योजना गरी आवश्यक भौतिक परियोजना समेत तत्काल कार्यान्वयन गर्न वाञ्छनीय भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस अध्यादेशको नाम "नगर निर्माण योजना कार्यान्वयन अध्यादेश, २०२९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– यस अध्यादेशमा –

(क) "नगर योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत कुनै क्षेत्रीय विकास केन्द्रको कुनै भागमा नयाँ नगर निर्माण हुने वा भैरहेको नगरको पुनर्निर्माण वा विस्तार वा विकास गर्ने वा त्यस्तो नगरसंग सम्बन्धित योजनामा उल्लिखित क्षेत्रको भौतिक विकासको निमित्त बनेको परियोजनालाई समेत सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

३. नगर योजनाको स्वीकृति:– यो अध्यादेशबमोजिम कार्यान्वयन हुने कुनै पनि नगर योजना श्री ५ को सरकारबाट स्वीकृत हुनु पर्नेछ र त्यस्तो स्वीकृति प्राप्त भएको कुरा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि मात्र लागू भएको मानिनेछ ।

४. नगर योजना कार्यान्वयन गर्ने समिति:– (१) श्री ५ को सरकारले स्वीकृत नगर योजना कार्यान्वयन गर्न आवश्यकतानुसार समय समयमा एक वा विभिन्न समितिहरू वा त्यस्तो कुनै समितिको विभिन्न उपसमितिहरू नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गर्न सक्नेछ ।

३७२ (२) उपदफा (१) बमोजिम गठन हुने समिति वा उपसमितिहरूको गठन विधि, विघटन, पुनर्गठन वा आवश्यक हेरफेर गर्ने सम्पूर्ण अधिकार श्री ५ को सरकारलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको अधिकारः– (१) नगर योजना स्वीकृत भएको मितिदेखि नगर योजनाभित्र पर्ने जुनसुकै प्रकारको अचल सम्पत्तिमा देहायको खण्ड (क) बमोजिमको विषयमा समितिको पूर्व स्वीकृति बिना कसैले केही गर्न हुँदैन र नगर योजनाको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य कुराहरूका अतिरिक्त देहायका अन्य खण्डहरूको विषयका हकमा समितिले नियमित, नियन्त्रण वा निषेध गर्ने भनी समय समयमा स्पष्टरूपले सूचना गरी आदेश दिन सक्नेछ । त्यसरी आदेश दिएका विषयहरूमा समितिको पूर्व स्वीकृति बिना कसैले केही गर्न हुँदैनः–

(क) कुनै प्रकारको अचल सम्पत्तिमा कुनै प्रकारले लेनदेन, बिक्री, बेच-बिखन, बन्धकी, वण्डा गरी टुक्र्याउने वा छुट्याउने वा रजिष्ट्रेशन पास गर्ने,

(ख) कृषि, प्राकृतिक सम्पदा, बनस्पति, वन-जंगल, जीव-जन्तु, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरू र आवादी तथा पर्ती जग्गाहरू एवं अचल सम्पत्तिको उपभोग र प्रयोग गर्ने,

(ग) कुनै प्रकारको भवन, कार्यालय वा अन्य कुराहरूको नयाँ निर्माण गर्ने वा निर्माण भैरहेकाहरूको निर्माण पूरा गर्ने वा निर्माण भैसकेका-हरूको विस्तार गर्ने वा भत्काउने,

(घ) कुनै प्रकारको बस्ती, बसोबास वा आवास बनाउने वा बसाउने र मनोरञ्जन, बजार, हाट, उद्योग आदि स्थलहरू बसाल्ने वा बनाउने वा सो कार्य गर्ने,

(ङ) नगर योजनाभित्रको प्राकृतिक सौन्दर्य, पर्यटनको महत्व, दृश्य र जनसाधारणको स्वास्थ्यमा असर पर्ने र कुनै प्रकारले वातावरण दूषित हुन जाने कुराहरू गर्ने,

(च) यातायातको प्रबन्ध, पुल, बाटोघाटो र त्यसमा प्रयोग हुने यातायातको साधन, वृक्षारोपण, पानी, बत्ती तथा त्यसको प्रयोग गर्ने,

(छ) समितिले समय समयमा सूचना गरी तोकेका अन्य विषयहरू ।

(२) उपदफा (१) बमोजिम समितिले स्वीकृति दिने कुनै विषयमा कसैलाई आंशिक वा पूर्णरूपले स्वीकृति दिन वा नदिन वा स्वीकृति दिदा आवश्यक निर्देशन वा शर्त-समेत तोकिदिन सक्नेछ र समिति वा समितिले खटाएको कुनै व्यक्तिलाई सम्पूर्ण स्थान सुपरिवेक्षण, रेखदेख, नियन्त्रण र आवश्यक परे भत्काउन वा रोकसमेत लगाउन सक्ने पूर्ण अधिकार हुनेछ ।

323

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको तथा अन्य आवश्यक कार्य गन र चल अचल वस्तुको तथ्यांक लिन, सर्भे गर्न, घर वा जग्गामा प्रवेश गर्न, सम्बन्धित व्यक्तिलाई बुझ्न अतिरिक्त नगर योजना सम्बन्धित सबै कार्य गर्न समिति वा समितिले खटाएको व्यक्तिलाई पूर्ण अधिकार हुनेछ ।

(४) श्री ५ को सरकारले नगर योजनाभित्र पर्ने कुन पनि अचल सम्पत्ति नेपाल कानूनबमोजिम प्राप्त वा अधिग्रहण गर्न सक्नेछ ।

६. दण्ड सजायः– (१) कसैले यस अध्यादेशमा समितिलाई तोकिएको अधिकारको बिरोध पर्ने कार्य गरेमा वा श्री ५ को सरकारले यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न बनाएको नियमावली वा आदेश वा निर्देशनको विरोध पर्ने कार्य गरेमा समिति वा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई नोक्सानी भर्न लगाई बढीमा छ हज्जार रुपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

तर यस उपदफा अन्तर्गत समितिले गरेको दण्ड सजाय उपर मर्का पर्ने व्यक्तिले आफ्नो मर्काको कारण स्पष्ट खोली सजायको सूचना पाएको पैंतिस दिनभित्र श्री ५ को सरकारमा पुनरावेदन दिन सक्नेछ ।

(२) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गतको नियमावलीबमोजिम र अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न दिइएको आदेश, निर्देशन वा असल नियतले गरेको कुनै कार्यको लागि समिति वा समितिले खटाएको कुनै व्यक्ति वा श्री ५ को सरकार वा श्री ५ को सरकारले खटाएको कुनै व्यक्ति उपर कुनै अदालतमा नालीस वा उजूर लाग्ने छैन ।

७. नियमावली तथा अधिकार प्रत्यायोजनः– यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले नियमावली बनाउन सक्नेछ र यस अध्यादेश वा नेपाल कानूनबमोजिमका अन्य आवश्यक अधिकारहरू समिति वा समितिको कुन व्यक्ति वा अन्य अधिकारीलाई नियमावलीमा तोकिएबमोजिम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

८. श्री ५ को सरकारले आदेश वा निर्देशन दिन सक्नेः– यो अध्यादेशबमोजिम नगर योजनाको उद्देश्य पूर्ति तथा कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले समिति वा अन्य कार्यालय वा व्यक्तिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशन पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. यो अध्यादेशबमोजिम हुनेः– नेपाल कानूनमा जेसुकै लेखिए तापनि यस अध्यादेश वा यस अध्यादेश अन्तर्गतको नियमावली वा दफा ८ अन्तर्गतको आदेश वा निर्देशनमा लेखिएका कुराहरूमा सोहीबमोजिम र अरूमा नेपाल कानूनबमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०२९।१०।१६।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

३४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।